# मुख्यमन्त्री राहत सहायता कोष निर्देशिका, २०७५

मन्त्रिपरिषदबाट स्वीकृत मिति

२०७५/०२/०४

पहिलो संशोधन मिति

२०७५/०२/१५

कर्णाली प्रदेश सरकारको आ.व. २०७४।०७५ को बजेटको बुँदा नं २४१ बमोजिम मुख्यमन्त्री राहत सहायता कोषको सञ्चालन तथा व्यबस्थापन गर्न वाञ्छनीय भएकोले कर्णाली प्रदेश सरकारले देहाय बमोजिम यो निर्देशिका बनाई जारी गरेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यो निर्देशिकाको नाम "मुख्यमन्त्री राहत सहायता कोष निर्देशिका, २०७५" रहको छ ।

(२) यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,

(क) "कोष" भन्नाले दफा ३ बमोजिम स्थापना भएको "मुख्यमन्त्री राहत सहायता कोष सम्झनु पर्छ ।

(ख) "समिति" भन्नाले दफा ६ बमोजिम गठन भएको कोष सञ्चालन तथा सिफारिस समिति सम्झनु पर्छ ।

(ग) "मन्त्रिपरिषद्" भन्नाले कर्णाली प्रदेश सरकार मन्त्रिपरिषद् सम्झनु पर्छ ।

३. **कोषको स्थापनाः** (१) मुख्यमन्त्री राहत सहायता कोष नामको एक कोषको स्थापना गरिनेछ ।

(२) यस कोषमा प्रदेश सरकारबाट प्राप्त रकम र ब्यक्तिगत तथा संस्थागत रुपमा प्राप्त सहयोग रकम जम्मा हुनेछ ।

४. **कोषको प्रयोगः** (१) कोषमा जम्मा भएको रकम देहाय बमोजिम खर्च गरिने छः-

(क) गम्भीर बिरामी भई औषधी उपचार गराउन नसक्ने अवस्थाका कर्णाली प्रदेशमा महत्वपूर्ण योगदान गरेका ब्यक्ति र राष्ट्रिय जीवनमा ख्याति प्राप्त कर्णाली प्रदेश भित्रका व्यक्तिको औषधोपचारका लागि आर्थिक सहयोग गर्न,

(ख) आर्थिक अवस्था दयनीय भएका व्यक्ति विरामी परी औषधोपचारका लागि अस्पताल ल्याउँदा र अस्पतालबाट लैजाँदा आर्थिक सहयोग गर्न,

(ग) कुनै प्रकोप वा दुर्घटनाबाट आहातमा परेकाहरुलाई उद्धार गर्न, मृतकको अन्तिम संस्कार वा काजक्रिया खर्च वापत मृतकका आफन्तलाई आर्थिक सहयोग गर्न,

(घ) आर्थिक वा सामाजिक वा साँस्कृतिक दृष्टिले पिछडिएका बिपन्न वर्ग, असक्त, लोपोन्मुख जाति ,हिंसा पिडित महिला, दलित, आदिबासी, जनजाति, लैङगिक तथा यौनिक अल्पसंख्यक, अपाङ्गता, गर्भावस्थामा रहेका ब्यक्तिलाई अवस्था अनुसार आर्थिक साहयता गर्न ।

(ङ) सशस्त्र संघर्ष, प्रदेश आन्दोलन, जनआन्दोलनका घाईते, अपाङ्ग, शहिद तथा बेपत्ता भएका परिवारलाई अवस्था अनुसार साहयता गर्न ।

(च) अति अशक्त, अपाङ्ग भई जीवन निर्वाहको कुनै ब्यवस्था नभएका ब्यक्तिहरु, जेष्ठ नागरिक, अनाथ बालवालिका ,एकल महिलालाई सहायता गर्न,

(छ) मन्त्रिपरिषद्ले आर्थिक सहायत उपलब्ध गराउन उपयुक्त ठहरयाएका ब्यक्ति वा संस्थालाई आर्थिक सहायता उपलब्ध गराउन ।

(ज) यस कोषबाट एक ब्यक्ति वा संस्थालाई एक पटकमा बढिमा दशलाखसम्म राहत स्वरुप आर्थिक सहायता उपलब्ध गराउन सकिनेछ ।

५. **<u>कोषको प्रयोग हुन नसक्ने</u>:** दफा ४ मा जुनसुकै कुरा लेखिएतापनि देहायको प्रयोजनको लागि कोषको रकम खर्च गर्न सकिने छैन ।

(क) कुनै सरकारी वा गैरसरकारी कर्मचारीलाई पारिश्रमिक तलव भत्ता वा सुविधा उपलब्ध गराउन,

(ख) सरकारी वा गैर सरकारी कर्मचारीलाई भ्रमण खर्च वा यस्तै प्रकारको खर्च उपलब्ध गराउन,

(ग) दफा (४) मा उल्लेखित विषयमा बाहेक अन्य कसैलाई उपलब्ध गराउन ।

६. **<u>कोष संचालन तथा सिफारिस समिति</u>:** (१) कोष संचालन तथा आर्थिक सहायताका लागि प्राप्त निवेदन संकलन तथा छानविन गरी मन्त्रिपरिषद्मा सिफारिस गर्न देहाय बमोजिमको एक कोष संचालन तथा सिफारिस समिति रहेनेछ ।

| | |
|---|---|
| (क) सचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | संयोजक |
| (ख) उपसचिव, आन्तरिक मामिला तथा कानुन मन्त्रालय | सदस्य |
| (ग) उपसचिव, आर्थिक मामिला तथा योजना मन्त्रालय | सदस्य |
| (घ) उपसचिव, भूमि ब्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | सदस्य |
| (ङ) उपसचिव, उद्योग, पर्यटन वन तथा वातावरण मन्त्रालय | सदस्य |
| (च) उपसचिव, समाजिक विकास मन्त्रालय | सदस्य |
| (छ) उपसचिव, भौतिक पूर्वाधार विकास मन्त्रालय | सदस्य |

(ज) उपसचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय (बैठक तथा प्रशासन शाखा)
सदस्य सचिव

(२) समितिको बैठक आवश्यकता अनुसार समितिको संयोजकले तोकेको स्थान, मिति र समयमा बस्नेछ ।

(३) समितिको बैठकको अध्यक्षता समितिको संयोजकले गर्नेछ ।

(४) समितिले आवश्यकता अनुसार अन्य सरकारी वा गैर सरकारी क्षेत्रमा कार्यरत जुनसुकै कर्मचारी वा ब्यक्तिलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(५) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

७. **कोषको ब्यवस्थापन तथा संचालनः** (१) यस निर्देशिका बमोजिम कोषमा प्राप्त रकम सरकारी कारोबार गर्न तोकिएको बैंकमा खाता खोली जम्मा गरिनेछ ।

(२) उपदफा (१) बमोजिमको खाता समितिको [1] संयोजक र मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका आर्थिक प्रशासन शाखा प्रमुखको संयुक्त हस्ताक्षरबाट हुनेछ ।

८. **लेखा तथा लेखापरिक्षणः** (१) कोषको आम्दानी खर्चको लेखा प्रदेश सरकारले अपनाएको लेखा प्रणाली अनुसार राखिनेछ ।

(२) कोषको आन्तरिक लेखा परिक्षण प्रदेश लेखा नियन्त्रक कार्यालय र अन्तिम लेखा परिक्षण महालेखा परिक्षकको कार्यालयबाट हुनेछ ।

९. **कोषको रकम वितरण गर्ने कार्यविधिः** (१) कोषको रकम दफा ४ बमोजिमको प्रयोजनको लागि उपलब्ध गराइनेछ ।

(२) दफा (१) बमोजिम कोषको रकम उपलब्ध गराउँदा, रकम माग गर्ने ब्यक्तिको अवस्था, घटना र आर्थिक अवस्था र औचित्य समेतलाई दृष्टिगत गरी समितिले उचित ठहरयाए बमोजिम रकम उपलब्ध गराउन मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय मार्फत मन्त्रिपरिषद् समक्ष सिफारिस गर्नेछ । त्यसरी पेश भएको प्रस्ताव मन्त्रिपरिषद्बाट स्वीकृत भएपछि कोषबाट रकम खर्च लेख्न सकिनेछ ।

तर तत्काल राहत सहायता उपलब्ध गराउनु पर्ने अवस्था आएमा पछि मन्त्रिपरिषद् बाट अनुमोदन गराउने गरी मुख्यमन्त्रीबाट आदेश भए बमोजिम त्यस्तो सहायता उपलब्ध गराउन बाधा पर्ने छैन ।

---

[1] मिति २०७५/०२/१९ को मन्त्रिपरिषद् बैठकबाट पहिलो संशोधनद्धारा संशोधित

१०. **<u>प्रदेश सरकारले निर्देशन दिन सक्ने:</u>** (१) प्रदेश सरकारले यस निर्देशिका बमोजिम रकम उपलब्ध गराउने सम्बन्धमा समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशन पालना गर्नु समितिको कर्तब्य हुनेछ ।